प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : ६१ ॥ २०८० चैत्र २४ गते शनिबार (6th Apr 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


## मिर्गौलापीडित केशवतीको दुःख

# न खाने बस्ने व्यवस्था, न उपचार खर्च




झापा(प्रस)। श्रीमानले छोडेपनि झापा अर्जुनधारा ५ की केशवती राजवंशीले हरेश खाइनन् । आफू र आफ्नी छोरीको भविष्यका लागि संघर्ष गर्न उनी दुबई गइन् । तर, भाग्यले साथ दिएन । ३० वर्षकै उमेरमा केशवतीको दुबै मिर्गौला बिग्रिएपछि उनको सपना चकनाचुर भयो । अहिले उनीसंग न खानेबस्ने व्यवस्था छ न उपचार खर्च । माइतमा आश्रय लिइरहेकी केशवती अहिले ठूलो समस्याबाट गुज्रिरहेकी छन् ।

उनी तीन वर्ष अगाडि दुबई गएकी थिइन् । रेष्टुरेन्टमा काम पाएकी उनको कमाई राम्रै थियो । त्यही आम्दानीले उनले आफ्नो खर्चसंगै छोरीको पालनपोषण र पढाउने काम गर्दै आएकी थिइन् । तर, तीन महिनाअघि दुबईमै रहँदा उनलाई मिर्गौलाको समस्या देखियो । अहिले बिर्तामोडको मनमोहन अस्पतालमा उनले डाइलाइसिस गराइरहेकी छन् । विदेशबाट कमाएको करिव पाँच लाख उनले नोबेल , बीएण्डसी , मनमोहन अस्पतालमा खर्च गरिसकेकी छन् । थप र निरन्तर उपचारका लागि उनलाई समस्या भएको हो । 'म बाँच्न चाहन्छु , मलाई सबैले सहयोग गरेर बचाइदिनु पर्यो ' उनले अपिल गरेकी छन् । मिर्गौला प्रत्यारोपण गर्ने तयारी गरिरहेकी केशवतीले त्यसका लागि सहयोग गरिदिन अपिल गरेकी हुन् । केशवतीको दुःख देखेर अर्जुनधारा ५ का स्थानीयले केशवती राजवंशी बचाउ अभियान शुरु गरेका छन् । ताराप्रसाद बरालको संयोजकत्वमा २७ सदस्यीय समिति गठन गरी आर्थिक संकलन शुरु गरिएको हो । गठन भएकै दिन आर्थिक संकलन शुरु भइसकेको छ ।

गणेशबहादुर कार्की एकहजार , बुधकुमार राजवंशी एक हजार , झमान गिरी एक हजार , लीलाराज संजेल एक हजार , विनोदकुमार बस्नेत एक हजार , गोपालप्रसाद पोखरेल पाँच सय , लक्ष्मी न्यौपाने सरु पाँच सय र रामबहादुर कार्कीले पाँच सय रुपैयाँ सहयोग गरेका छन् । समस्यामा परेकी केशवतीलाई बचाउन आफूहरुले संचालन गरेको अभियानलाई सहयोग गरिदिन संयोजक बराललले आग्रह गरेका छन् । उनले सहयोग गर्न चाहने मनकारी सहयोगीहरुलाई पीडित केशवती राजवंशीको नेपाल बैंक लिमिटेडको बिर्तामोड शाखामा रहेको खाता नं. ०८८१०८०७६४६५७७००००१ मा सहयोग गरिदिन आग्रह गरेका हुन् । केशवतीको बारेमा थप बुझ्न परेमा ९८४२६९९८७४ र ९७०६११७९८७ मा फोन गर्न सकिने बरालले बताए ।

# नेपालबाट भारत लाइटर तस्करी

मेचीनगर(प्रस) । पछिल्लो समय नेपालबाट अबैधरुपमा भारततर्फ चाइनिज लाइटरको कारोवार बढेसँगै नेपाल प्रहरीले नाकामा निगरानी भएको छ । केहि दिनअघिमात्र पश्चिम बंगाल प्रहरीले दार्जिलिङ जिल्लाको सिलिगुडीको खालपाडा इलाकाको एउटा गोदामबाट ४० कार्टुन चाइनिज लाइटर भण्डारण गरेको अवस्थामा बरामद गरेको थियो ।



विशेष अप्रेसन ग्रुप र सिलिगुडी प्रहरीले गोप्य सूचनाका आधारमा भारीमात्रामा बरामद गरेको लाइटरको घटनाको प्रारम्भिक अनुसन्धानबाट मेचीनगरबाट चोर बाटो भएर भारत पुगेको समाचार बाहिर आएको थियो । एक लाख २० हजार पिस लाइटरको अनुमानित भारतीय बजार मूल्य लगभग १२ लाख रुपैयाँ तोकिएको र लाइटर काँकरभिट्टा नाकाबाट अवैध रुपमा भित्र्याई सिलिगुडी पुऱ्याएको भारतीय प्रहरीले दाबी गरेको थियो । त्यसपछि नेपालतर्फ प्रहरीले कडा निगरानी बढाएकोजिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । त्यसअघिको घटना सेलाउन नपाउँदै शुक्रबार साँझ ६ बजे मेचीनगर –७ को गैरीगाउँबाट नेपाल प्रहरीले करीब ४० हजार रुपैयाँ मूल्य बराबरको चार कार्टुन लाइटर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दका अनुसार नेपालबाट भारततर्फ अबैधरुपमा भन्सार छली लैजादैं गर्दा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट प्रहरी हवल्दार तेजबहादुर चौलागाईंको नेतृत्वमा रहेको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो । बरामद लाइटर इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको र आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाउने प्रहरीले बताएको छ ।

# ब्राउनसुगरसहित भारतीय नागरिक पक्राउ

झापा(प्रस)। सशस्त्र प्रहरीले झापा गाउँपालिकाको सितुमारी ईलाकाबाट ठूलो मात्रामा ब्राउनसुगरसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।पक्राउ पर्नेमा भारत जिल्ला किशनगञ्ज धनतोला ग्रामपञ्चायत बालुवाडी बस्ने वर्ष २३ का राहुल मण्डल रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेडक्वाटर झापाका डीएसपी तथा सूचना अधिकारी दिनेश कटुवालले जानकारी दिए । उनको साथबाट ४८.५५० ग्राम ब्राउनसुगर बरामद भएको हो ।



झापा-१ सितुमारीस्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट टाघनडुब्बाबाट सशस्त्र प्रहरी निरीक्षक श्यामकुमार थापाको कमाण्डमा खटिएको मोवाईल गस्ती टोलीले शुक्रवार दिउँसो १ बजेको समयमा मोटरसाइकलमा सवार मण्डललाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट त्यति परिमाणमा ब्राउनसुगर फेला परेको थियो ।

सशस्त्र प्रहरी बल, नेपालले बीआर ३७ एन ५८११ भारतीय नम्बरको मोटरसाइकल, मोबाईल १ थान, भारतीय रुपैयाँ २१००, ब्राउनसुगर र पक्राउ परेका ब्यक्तिलाई थप अनुसन्धान तथा कारबाहीको लागि ईलाका प्रहरी कार्यालय कुमरखोदमा बुझाएको छ ।

# बिर्तामोड र बुद्धशान्तिमा आगलागी

झापा(प्रस)। बिर्तामोडमा भएको आगलागीबाट दुई घर जलेर नष्ट भएका छन् ।आगलागीबाट बिर्तामोड नगरपालिका वडा नम्बर ५ स्थित सुकुम्बासी टोलका बद्रीकुमार दर्जी र जैगुन खातुनको घर जलेर नष्ट भएको हो । शुक्रवार बिहान ९:३० बजेको समयमा दर्जीको घरको पुजा कोठामा सल्काएको अगरबत्तीबाट अचानक आगो सल्किएको बताइएको छ । आगलागीबाट दर्जीको टिनको छानो , टिनकै टाटीबेरा भएको एकतले घर तथा घरमा रहेको काठपात, फर्निचरका सामान, अन्नपात, लत्ताकपडा, भाँडाबर्तन, नागरिकतालगायतका महत्वपूर्ण कागजात तथा नगद रु.२२ हजारसमेत जल्दा अन्दाजी ७ लाख बराबरको क्षति भएको छ ।



सोही आगलागीबाट नजिकै रहेको जैगुन खातुनको टिनको छानो, टिनकै टाटीबेरा भएको एकतले घर तथा घरमा रहेको काठपात, फर्निचरका सामान, अन्नपात, लत्ताकपडा, भाँडाबर्तन, नागरिकतालगायतका महत्वपूर्ण कागजात, मोबाईल १ थान, नगद ४३ हजारसमेत जल्दा अन्दाजी ८ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सो आगो स्थानीयबासी ,नेपाल प्रहरी, बिर्तामोड नगरपालिकाको दमकलसमेतको सहयोगमा बिहान १० :३० बजे पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयका डीएसपी कृष्णकुमार चन्दले बताए ।

त्यस्तै आगलागीबाट झापा बुद्धशान्तिका बिष्णुकुमार श्रेष्ठको ग्वाली जलेर नष्ट भएको छ ।

शुक्रवार बिहान सवा ९ बजेको समयमा बुद्धशान्ति १ नमुना टोल बस्ने श्रेष्ठको काठ तथा टीनको छानाले बनेको दुईतले गाईगोठमा अचानक आगलागी भएको थियो ।

आगलागीबाट गोठ, गोठमा राखेको पराल पूर्णरुपमा जलेर नष्ट हुँदा अन्दाजी २ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

ईलाका प्रहरी कार्यालय बुधबारेबाट प्रहरी टोली खटिगई स्थानीयबासी, प्रहरी, सशस्त्र प्रहरी, मेचीनगर नगरपालिकाको दमकलको सहयोगमा बिहान ९:५० बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको उनले जानकारी दिए ।

# शृंखलाबद्ध चोरीमा संलग्न विश्वकर्मा पक्राउ



झापा(प्रस)। शृंखलाबद्ध चोरीमा संलग्न भएको आरोपमा भद्रपुर ७ का एक युवक शुक्रवार राति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भद्रपुर ७ का २६ वर्षीय मुकेश विश्वकर्मा रहेका छन् । राति १.३० बजेतिर बाह्रदशी - २ जनताबजार बस्ने शेषलाल राजवंशीको घरमा डेरा गरी बस्ने भारत किसनगंज ग्रामपञ्चायत धनतोला वडा नम्बर - ६ पाँचगाछी बिहार बस्ने उमाशंकर गिरीको कोठामा मोबाइल चोरी गरिरहेको अबस्थामा विश्वकर्मा पक्राउ परेको इलाका प्रहरी कार्यालय राजगढका सई राजेन्द्र शर्माले बताए । उनको साथबाट चोरी गरेको दुई थान मोबाइल र ९ थान गरगहना फेला परेको सई शर्माले जानकारी दिए । शुक्रवार राति नै बाह्रदशी २ का गोबिन्द अधिकारीको घर फोरेर चोरी गर्ने प्रयास भएको थियो । केहि दिनअघि बाह्रदशी २ रिमाल चोकबाट ६ थान मोबाइल र १ थान सुपर स्प्लेन्डर मोटरसाइकल चोरी भएको थियो । ती सामान पनि आफूले नै चोरी गरेको कुरा विश्वकर्माले स्वीकारेको बाह्रदशी गाउँपालिकाकी कार्यपालिका सदस्य लक्ष्मी निरौला अधिकारीले बताइन् ।


**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# भेट्रान कपको उपाधि पूर्वेली क्लबलाई



शिवसताक्षी(प्रस)। झापाको शिवसताक्षीमा संचालित प्रदेशस्तरीय नविन राई स्मृति भेट्रान कप फुटबल प्रतियोगिताको उपाधि पूर्वेली भेट्रान क्लब बिर्तामोडले जितेको छ। आयोजक झिलझिले भेट्रान क्लबलाई ४-० गोल अन्तरले हराउँदै पूर्वेलीले उपाधि जितेको हो।

उपाधिसँगै पूर्वेलीले नगद ७१ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता आयोजक झिलझिले भेट्रान क्लबले नगद ४१ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझाएको छ। उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की, प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राई, वडाध्यक्ष बहादुर आङ्बो, भेट्रान कपका अध्यक्ष दिलबहादुर राईलगायतले ट्रफी तथा प्रमाणपत्र प्रदान गरेका थिए।

खेलको म्यान अफ दी म्याच र उत्कृष्ट फरवार्ड पूर्वेलीका खेलाडी विशाल राई घोषित भए। उनले नगद २ हजार प्राप्त गरे। त्यस्तै उत्कृष्ट गोलकिप्पर पूर्वेलीका किरण बरुवा, उत्कृष्ट डिफेन्डर आयोजकका सन्तोष बस्नेत, उत्कृष्ट मिडफिल्डर र सर्वोकृष्ट खेलाडी आयोजकका अंकुर खड्गी, सर्वाधिक गोलकर्ता पूर्वेलीका विकर्ण श्रेष्ठ घोषित भए। उनीहरुले नगदसहित ट्रफी प्राप्त गरे। त्यस्तै शुक्रवार नै पत्रकार र शिक्षकबीच भएको मैत्रीपूर्ण खेलमा पत्रकारको टोली विजयी भएको छ टाइब्रेकरमा शिक्षकलाई ४- ३ गोल अन्तरले हराउँदै पत्रकारको टोली विजयी भएको हो।

प्रतियोगिता झिलझिलेस्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा चैत १५ गतेबाट सञ्चालन भएको थियो। प्रतियोगितामा कोशी प्रदेशका १० टिमले भाग लिएका थिए।

# झापामा दुई फरार प्रतिवादी पक्राउ



झापा(प्रस)। झापामा सार्वजनिक अपराध मुद्दाका फरार एक प्रतिवादी ७ वर्षपछि पक्राउ परेका छन्। शुक्रवार बिहान ९.३५ बजे भद्रपुर ३ भिमनगर टोल बस्ने २४ वर्षीय दिवस लिम्बूलाई वडा प्रहरी कार्यालय भद्रपुरले पक्राउ गरेको हो। उनलाई जिल्ला अदालत झापाको २०७३ जेठ ९ गतेको फैसला आदेशले ३ हजार रुपैयाँ जरिवाना तोकिएको थियो। घरबाट पक्राउ परेका लिम्बूलाई जिल्ला अदालतमा बुझाएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए।

त्यस्तै बहुविवाह मुद्धामा फरार शिवसताक्षी नगरपालिका ८ बस्ने ३२ वर्षीया भद्रकला लकान्द्री पक्राउ परेकी छन्। झापा जिल्ला अदालतको २०७९ मंसिर २७ गतेको फैसलाले बहुविवाह मुद्धामा लकान्द्रीलाई ११ महिना ४ दिन कैद र १० हजार रुपैयाँ जरिवाना तोकिएको थियो। फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोली शुक्रवार दिउँसो ३.२० बजेको समयमा भद्रपुर नगरपालिका १० चन्द्रगढीबाट पक्राउ गरेको हो। अदालतमा उपस्थित गराई आवश्यक कार्वाहीको लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।


# भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले:
- 

भूमिगत जलस्रोतको पुनर्भरणका लागिः

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं।
- दिगो विकासमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# 'नेपालको न्यायालय दक्षिण एशियामै उत्कृष्ट'

भद्रपुर(प्रस)। सर्वोच्च अदालतकी वरिष्ठ न्यायाधीश सपना मल्ल प्रधानले नेपालको न्यायालय सुशासन कायम गर्न दक्षिण एशियामै उत्कृष्ट रहेको बताएकी छन्। पूर्वका अदालतहरुको निरीक्षण गर्ने क्रममा झापा जिल्ला अदालतको निरीक्षणपश्चात् बार एशोसिएसन झापाका कानुन व्यवसायीहरुसंगको भेटघाटका क्रममा उनले सो धारणा राखेकी हुन्। उनले सुशासन कायम गर्न नेपालमा राजनीतिक, आर्थिकरुपमा चुनौती रहेको बताउँदै प्रविधिमैत्री बनाउन राज्यले न्यायपालिकालाई पूर्णता नदिएको गुनासो गरिन्।

न्यायाधीश मल्लले निष्पक्ष न्याय प्रदान गर्न अदालत कटिबद्ध रहेको बताउँदै फैसला गर्ने क्रममा न्यायाधीशको पक्षमा कोही नरहने धारणा राखिन्। कार्यक्रममा नेपाल बार एशोसिएसनका केन्द्रीय उपाध्यक्ष



सुरज खत्रीलगायतका कानुन व्यवसायीहरुले अदालतबाट न्याय सम्पादनमा हुने ढिलासुस्तीलगायतका बिषयमा जिज्ञासा राख्दै सुधारका लागि विभिन्न सुझावहरु राखेका थिए। एशोसिएसन झापा अध्यक्ष नारायणप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष भिम बराल र संचालन सचिव सन्तोष प्रसाईले गरेका थिए। सोही अबसरमा सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका २०८० उपयोगिता र कार्यान्वयनमा चुनौती विषयक अन्तरक्रियासमेत गरिएको थियो।

कानुन व्यवसायी क्षमता अभिबृद्धि समिति झापा बारको संयोजन तथा नेपाल बार एशोसिएसन झापाको आयोजनामा सम्पन्न अन्तरक्रियामा जिल्ला न्यायाधिवक्ता रुद्रप्रसाद आचार्य र कानुन व्यवसायी यज्ञलक्ष्मी चौलागाईले कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यपत्रमाथि जिल्ला न्यायाधीश तेजबहादुर खड्का तथा बरिष्ठ अधिक्ता गजेन्द्र आचार्यले टिप्पणी गरेका थिए। कार्यक्रममा बरिष्ठ अधिवक्ता लेखनाथ निरौलालगायतले मन्तव्य राखेका थिए।

## सुनसरीका...

स्थानीयले प्रदर्शन नरोकेपछि बिहानैबाट स्थिति तनावग्रस्त बनेको थियो। त्यहाँको अवस्था अझै पनि सामान्य बन्न सकेको छैन। हरिनगरको मुख्य बजार भुटाह बिहानैबाट तनावग्रस्त बनेको छ। शुक्रबार मध्यान्ह १२ बजेबाट अर्को सूचना जारी नभएसम्मका लागि हरिनगर गाउँपालिकाको सबै वडा र देवानगञ्जको १ र ७ नम्बर वडामा निषेधाज्ञा जारी भएको थियो। प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुडा प्रहार गरेपछि प्रहरीले गोली चलाएको बताइएको छ।

सो क्रममा १६ जना प्रहरी र ७ जना प्रदर्शनकारी घाइते भएका छन्। उनीहरुको बिराटनगरका विभिन्न अस्पतालमा उपचार भइरहेको छ। बिहीबार एसईई परीक्षाको क्रममा हरिनगर गाँउपालिका-१ मा रहेको बालकृष्ण माविमा भएको कुटपिटपछि दुई समुदायका बीचमा तनाव बढेको हो। बिहीबार साँझ स्थानीय जीवन मेहतामाथि कुटपिट भएको थियो। कुटपिटपछि दुवै समूहका बीचमा झडप भएको थियो।








# शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित सूचना मिति २०८०/१२/२३

बिर्तामोड नगरपालिका कृषि विकास शाखाको आ.ब. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार प्रांगारिक मलखाद खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनीले तपशिल उल्लेखित दस्तुर तिरी दरभाउपत्र खरिद गरि शिलबन्दी दरभाउपत्र पेश गुर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | फारम शुल्क (रु.) | दरभाउपत्र जमानत रकम (रु.) | न.पा.को लागत (रु.) |
|---|---|---|---|---|
| BTMMUN/GOODS/SQ-13/80/81 | प्रांगारिक मलखाद खरिद | १,००० | १६,५०० | ६,००,००० |

**मलखादको गुणस्तर :**

| Nitrogen | Phosphoros | Potas | Moisture | Organic Mater | PH |
|---|---|---|---|---|---|
| ≥ १ | ≥ ०.५ | ≥ १ | ≤ २५% | ≥२० | ६-८ |

**शर्तहरुः**

१) ईच्छुक दरभाउपत्रदाताले फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नविकरण, एब्लरख्ब्त्दर्ता प्रमाणपत्र र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाण र आ.ब. २०८०/८१ भित्र गरिएको प्रांगारिक मलखादको प्रयोगशाला परीक्षणको रिपोर्ट पेश गरी दरभाउपत्र फारम खरिद गर्नु पर्नेछ।

२) दरभाउपत्र १५ औं दिनको कार्यालय समयभित्र बिर्तामोड नगरपालिकाको कार्यालय कृषि विकास शाखाबाट खरिद गरिसक्नुपर्नेछ र १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। दाखिला भएका दरभाउपत्रहरु १६ औ दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३) दरभाउपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएमा केरमेट भएको ठाउंमा दरभाउपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ।

४) दरभाउपत्र फारम खरिद बापतको रकम रु १०००/-(अक्षरुपी रु एक हजार मात्र) यस कार्यालयको एन आइ सि एसिया बैंक शाखा बिर्ताबजारको हि.नं.- २४६२०५००२८३५४००२ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको नगदी रसिद सक्कलै पेश गर्नुपर्ने छ।

४) दरभाउपत्र पेश गर्दा जमानत रकम रु १६,५००/- (अक्षरुपी रु सोह्र हजार पाँच सय मात्र) कार्यालयको एनआइसी एसिया बैंक शाखा विर्ताबजारको हि.नं.-२४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ (पचहत्तर) दिन म्याद भएको विडवण्ड दरभाउपत्रसाथ दाखिला गर्नु पर्नेछ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र दरभाउपत्रदाताबिच कुनै विवाद उत्पन्न भएमा बिर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु दरभाउपत्रदाताको कर्तव्य हुनेछ।

६) दरभाउपत्रदाताहरुले नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर, वक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बांकी कर, वक्यौता रकम नबुझाएसम्म निजले दरभाउपत्र खरिद गर्न पाउने छैनन्।

७) दरभाउपत्रदाताले नाम, ठेगाना, सम्पर्क नं र ईमेल स्पष्टसंग उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ।

८) दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य विदापछि कार्यालय खुल्ने दिन हुनेछ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

१०) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका दरभाउपत्रमाथि कुनै कारवाही हुने छैन।

११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**बिर्तामोड नगरपालिका**
**कृषि विकास शाखा**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# लोडसेडिङको मार नहोस्

नेपालमा बर्खामा बिजुली धेरै हुन्छ । हिउँदमा थोरै हुन्छ । त्यही भएर बर्खाको बिजुली भारतलाई बेच्छ प्राधिकरण । भारतमा भने उल्टो छ– हिउँदमा बिजुली धेरै उत्पादन हुन्छ, बर्खामा थोरै । उता हिउँदमा धेरै भएका बेला यता नेपालतिर आयात गर्न दुई देशबीच ५ वर्षे सम्झौता छ । जसको प्रत्येक वर्ष नवीकरणचाहिँ गर्नुपर्छ । शनिबारसम्म नवीकरणको वार्षिक अन्तिम म्याद भए पनि नवीकरणको अन्योलले यता लोडसेडिङको जोखिम देखिन्छ । नेपालमा अहिले १८ सय मेगावाट बिजुलीको माग छ । तर, एकतिहाइभन्दा बढी अपुग हुन्छ । त्यही पूर्तिका लागि भारतको भर पर्नु परिरहेको छ । नेपालमा जलविद्युत्को अपार सम्भावना हुँदाहुँदै अझै पनि बिजुलीमा भारतको भर पर्नु बिडम्बना हो । जब कि नेपालमा १० वर्षमा १० हजार मेगावाट बिजुली भारतलाई बेच्ने सम्झौता पनि गरेको छ । तर, उत्पादनको तयारीचाहिँ देखिन्न । निर्माणाधीन आयोजनाहरू पूरा भए पनि त्यतिका परिणामको उत्पादन हुँदैन । बरु बूढीगण्डकी जस्ता १२ सय मेगावाटका ठूला आयोजना निर्माणमा अहिल्यैदेखि सुरुआत गर्ने हो भने आन्तरिक र बाह्य बजारमा बिजुली खपत गराउन सकिन्छ ।

ठूला आयोजनाहरू धमाधम निर्माण गरेर उत्पादनलाई आन्तरिक र बाह्य बजारमा बिक्री गर्न सकिन्छ । नेपालमै घरायसी प्रयोगको मागसमेत पूरा गर्न अहिले कठिन भइरहेको छ भने उद्योगधन्दा खुल्न र चल्न आवश्यक बिजुली अपुग हुन दुःखद हो । ऊर्जाबिना कुनै उद्योगधन्दा चल्न सम्भव हुँदैन । नयाँ लगानी भित्रन बाधक तत्व भनेको ऊर्जा हुनु र त्यो पनि जलस्रोतको धनी देशमा । सरकारमा बस्नेहरूले यति र उति मेगावाट बिजुली उत्पादन गर्ने भनेर घोषणाचाहिँ गरिरहन्छन् तर काम भने गर्दैनन् । त्यसैको परिणाम नै लोडसेडिङको जोखिम निम्तनु हो । अहिलेलाई बिजुली किन्ने सम्झौता नवीकरण हुनु अल्पकालीन समाधान मात्रै हुन्छ । यसले दिगो समाधान दिँदैन । नभए तत्काल निम्तने लोडसेडिङ हो । तर नेपालले दीर्घकालीन समाधानको बाटो नपक्डिए यस्तो जोखिम सधैं भइरहन्छ । बिजुलीको लोडसेडिङले फेरि नेपाली अर्थतन्त्रलाई झन्–झन् ओरालो लैजाने निश्चित हुन्छ । यसैले लोडसेडिङ हुन नदिनेगरी सरकारले तयारी गरोस् ।

Pratidin National Daily
प्रतिदिन




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नेतृत्वबाट दायित्वबोधको आशा



• बेनीबहादुर कार्की

नेपाल यतिबेला निराशाको भुमरीमा रुमल्लिएको छ । राजनीतिक वृत्तमा पनि सत्तामा रहेका बाहेकमा तीव्र निराशा छ । सांसदले सदनमा बोलेकै उदाहरण लिने हो भने पनि निराशाको स्वर सुनिन्छ । स्वतन्त्र भनिएको न्याय क्षेत्र पनि उत्साहित देखिँदैन । कतिपय घटनामा न्यायपालिका कार्यपालिकाको हस्तक्षेपमा परेको भनेर पूर्वप्रधानन्यायाधीशको अभिव्यक्ति सुनिन्छ । पहिलेभन्दा अहिले न्याय क्षेत्र हरेक दृष्टिले उन्नत, छिटोछरितो र सर्वसुलभ हुनुपर्नेमा त्यसो हुन सकेको छैन । यही भएकाले हुनु पर्छ केही दिनपहिले न्यायपरिषद्सँग सम्बन्धित एक समाचारमा खराब काम गरेकाले कारबाहीमा परेर १२ जनाभन्दा बढी न्यायाधीश सेवामुक्त भए । यस्तो अवस्थामा असल काम गरेकालाई पनि निराशा लाग्नु त स्वाभाविक हुन्छ ।

स्थायी सरकार भनिएका कर्मचारी पनि कम निराश छैनन् । कर्मचारीवृत्त राजनीतिक चेपमा परेको गुनासो सुनिन्छ । सरकारको नेतृत्व परिवर्तन सँगसँगै प्रशासनिक क्षेत्रमा गरिएका सरुवाले यो गुनासोलाई पुष्टि गर्छ । कर्मचारीलाई सुविधा कम छ । जीवन धान्न मुस्किल भयो । केही भ्रष्ट कर्मचारीले गर्दा कर्मचारीतन्त्र नै बदनाम भयो भन्ने गुनासो कर्मचारीबाटै आइरहेको छ । फेरि कर्मचारीलाई भ्रष्टाचारको मुद्दा पनि लागेको छ । एउटै मुद्दामा धेरै कर्मचारी आरोपित भएका उदाहरण छन् । भ्रष्टाचारको मुद्दामा दोषी ठहर भएर सजाय पाइसकेका कर्मचारी पनि छन् । सचिव स्तरका कर्मचारी पनि जेल पुगेका छन् ।

भुइँमान्छे मात्र होइन मध्यम वर्गलाई पनि दैनिक जीवन धान्न यतिखेर धौधौ परेको छ । महँगी नियन्त्रणभन्दा बाहिर पुगेको छ । हरेक दिन महँगी बढेको छ । तलब नबढेको मात्र होइन, रोजगारीकै अभाव छ । रोजगारीकै लागि हरेक दिन तीन/चार हजार नेपाली बिदेसिन बाध्य छन् । नेपालमा बसेर काम गरेका पनि सुशासन अभावमा दिक्क छन् । सर्वसाधारण नागरिकको सहज ढङ्गले कुनै काम हुँदैन । योग्यता र इमानदारीको अभाव छ । नपढेका मात्र होइन, पढेका जेहनदार पनि अवसरको खोजीमा बिदेसिएका छन् । बिदेसिएर उतै पलायन पनि भइरहेका छन् ।

२००७ सालमा आएको प्रजातन्त्र र २०४६ सालमा प्रजातन्त्र पुनः प्राप्तिपछि पनि व्यवहारमा जनताले यसको महसुस गर्न सकेनन् । २०६२/६३ सालको लोकतान्त्रिक जनआन्दोलनले ल्याएको गणतन्त्रपछि शासन त बदलियो तर सोच बदलिन सकेन । यी यावत् समस्याको विषयमा राजनीतिक नेतृत्वले अहिलेसम्म गम्भीरतापूर्वक चिन्तन गरेको पाइँदैन । भाषण सबै नेता र दलको प्राथमिकतामा पर्छ । काम भने 'जुन जोगी आए पनि कानै चिरेका' भने जस्तै भएको छ । छिटो छिटो सरकार फेरिन्छन् । यसले राजनीतिक अस्थिरता बढाएको छ तर जनताको जीवनमा कुनै परिवर्तन हुन सकेको छैन । नेपाली जनताले सबै दलका सरकार हेरिसकेका छन् ।

कसरी हटाउने निराशा ?

संसारमा हरेक समस्याको समाधान हुन्छ नै । नेपालका अहिलेका जल्दाबल्दा समस्या पनि समाधान नहुने कुरै हुँदैन । नेपालको संविधान २०७२ ले शासन सत्ताको अन्तिम शक्ति नेपाली जनतालाई नै मानेको छ । जनता सर्वशक्तिमान छन् । त्यसैले जनताले खटाएको ठाउँ वा पदमा बसेर हरेकले आफ्नो कर्तव्य निर्वाह गर्न सक्नु पर्छ तर अहिलेसम्म यस्तो हुन नसकेको आमगुनासो छ । यो यथार्थ जनताले चुनावका दिन मत दिने समयमा कदापि बिर्सनु हुँदैन । नेताले आजसम्म गरेका गल्ती नसच्याएसम्म अब उनीहरूका कुरामा हामीले पत्याउनु हुँदैन । झुठा आश्वासन बाँड्ने नेतालाई जनताले भोट हाल्नु हुँदैन । यसमा विचार पुऱ्याउन नसक्नाले आजको अवस्था सिर्जना भएको हो । त्यसैले निराशा हटाउन सबभन्दा पहिला जनता नै जिम्मेवार हुनु पर्छ ।

सबैभन्दा प्रभावशाली तत्व भनेको राजनीतिक नेतृत्व हो । मुलुक बनाउँछु भनेर नेतृत्व गरेका नेताले जनताको जीवन उकास्ने बारेमा र भोट लिँदा गरेका प्रतिबद्धता कहिल्यै बिर्सन हुँदैन । यो बिर्सने हो भने हरेक दृष्टिले जनताप्रतिको गद्दारी र अक्षम्य गल्ती हुने छ । नेताले कि राजनीति छाड्नु पर्छ कि जनतासँग मत लिँदा गरेका वाचा हरहालतमा पूरा गर्नु पर्छ । जनताप्रति उत्तरदायी र बफादार भएर काम गर्न नसक्ने नेताले अब अरूलाई बाटो छाडिदिनु पर्छ । नेतृत्वमा दृढ इच्छाशक्ति हुने हो भने कर्मचारीले मात्र कदापि भ्रष्टाचार गर्न सक्दैन । मन्त्रालयमा शीर्षस्थान मन्त्री नै हुन्छन् । यस अर्थमा मुहान सफा हुने हो भने समुद्रको पानी सफा हुनेमा दुईमत हुनै सक्दैन । कर्मचारीले भ्रष्टाचार गर्नुमा नेताको संरक्षण वा मिलोमतो भएकै हुन्छ । यसो नहुने हो भने विगतमा मन्त्री भएकाले किन जेल जीवन बिताउनु परेको हो ? केही पूर्वमन्त्री र दलको नेतृत्व तहमा रहेर जिम्मेवारी निर्वाह गरिसकेका नेता पनि जेल पुगेका छन् । यसले नेपालमा भ्रष्टाचार व्यापक रूपमा भइरहेको पुष्टि हुन्छ । भ्रष्टाचार र पक्षपात नहुने हो भने योग्य र इमानदारले स्वतः अवसर पाउँछन् । यसले दिनहुँ हजारौंको संख्यामा विदेश पलायन हुने क्रम रोकिन्छ ।

यतिले मात्र नेतृत्वको दायित्व पूरा हुँदैन । विगतमा गुमाएका उद्योगधन्दालाई पुनर्स्थापित गरेर रोजगारीको अवसर जनसंख्याको अनुपातमा सिर्जना गर्न आवश्यक छ । नेपाल कृषिप्रधान देश भएकाले पहिलो प्राथमिकता दिएर कृषिमा रोजगारी र उत्पादन वृद्धि गराएर इजरायललगायत विश्वभरि छरिएका नेपाली श्रमिकलाई नेपालमै उन्नत र स्तरीय रोजगारी दिन सक्नु पर्छ । अनि मात्र सकारात्मक वातावरण सिर्जना हुन सुरु हुन्छ र नेतृत्वप्रति देखिएको चरम वितृष्णा र विरोध कम भएर जाने छ ।

सरकारका तीन वटै अङ्गमा काम गर्नेसँग नेपाल राष्ट्र र नेपाली जनताप्रतिको आफ्नो कर्तव्य र दायित्वबोध हुन जरुरी छ । राज्य सञ्चालनका अन्तिम शक्ति नेपाली जनता नै हुन् भन्ने आत्मबोध गरेर जनताप्रतिको दायित्व निर्वाह गर्न जरुरी छ । यसका लागि विगतका सोच र कामकारबाहीका शैली पूर्ण रूपमा परित्याग गरी हाल्न जरुरी छ । नेपालको संविधान २०७२ मा गरिएका व्यवस्था अक्षरशः कार्यान्वयन हुनु पर्छ । संविधानमा भएका व्यवस्थामा कुनै कमीकमजोरी छन् भने पनि सरकारका तीन अङ्गको समन्वयमा संशोधन गरेर आवश्यक सुधार गर्न सकिन्छ र नेपाली जनताको आवश्यकता र भावनालाई पूरा गर्न सकिन्छ । विगतमा राजनेतृत्वले बेला छँदै होस नगरेकाले नेपालको लामो इतिहास बोकेको राजसंस्था पनि अहिले हट्नु परेको दृष्टान्तबाट वर्तमान गणतान्त्रिक नेतृत्वले सिक्नै पर्छ । यसो गरेमा अहिले देखिएका निराशाका स्वर स्वतः आशामा परिणत हुने छन् ।

# बृहत् राजनीतिक एकताको बहस



• विष्णुप्रसाद पन्थ



धेरै वाम चिन्तकले देखेको एउटै सपना वा चिन्ता छ, वाम वा कम्युनिस्ट जनमतको रक्षा । हामीले पछिल्लो जनमत र आममनोविज्ञानको सही विश्लेषण गर्न जरुरी छ । पछिल्लो जनमत निराशा, अविश्वास र दिशाविहीनताको सिकार बनिरहेको छ । राजनीतिको मुख्य सवाल देशलाई अहिलेको चक्रव्यूहबाट मुक्त गर्नैपर्ने छ । देशमा कसैले पनि भविष्य देखेका छैनन् र त आममान्छेहरू बिदेसिन चाहन्छन् ।

प्रतिशतका आधारमा तथ्याङ्क निकाल्ने हो भने सबैभन्दा बढी राहदानी बनाउने देश नेपाल नै होला । एयरपोर्ट, राहदानी विभाग, मेनपावर वा कन्सल्टेन्सी, भिसा सेन्टर, तोकिएका मेडिकल सेन्टरमा मान्छेको भिड अपरम्पार छ । जुन देशका मान्छे आफ्नो सरकार र व्यवस्था अनि राजनीतिलाई सराप्दै विदेश जान्छन्, त्यो देशका नेताहरूमा नैतिकता छैन भन्ने बुझ्नु पर्छ । निराशा उत्पादन गर्नेमा सबैभन्दा बढी वामशक्ति छन् किनकि उनीहरूले नै सबैभन्दा बढी क्रान्ति, परिवर्तन र समानताका आशा बाँडेका थिए । अहिले त कम्युनिस्ट भन्दा लाज लाग्ने अवस्था बनेको छ ।

नेपालमा वाम समर्थक जनमत ठुलो छ र करिब दुई तिहाइको नजिक छ । नेपालमा एउटा अनौठो रोग छ, त्यो हो- भ्रष्टाचार; जुन माथिबाट नै संस्थागत हुन्छ । भ्रष्टाचारको केन्द्रमा पहुँचवाला र सत्ताधारी नै हुन्छन् र उनीहरूले नेतृत्व गर्छन् । अहिलेको विद्यमान व्यवस्था, नेतृत्व र बेथितिविरुद्ध जनआक्रोश बढ्दो छ भन्ने तथ्यलाई सबैभन्दा पहिले वामशक्तिले निष्कर्ष निकाल्न जरुरी छ ।

अहिलेको अवस्थामा दुई वटा राजनीतिक बुझाइलाई विश्लेषण गर्नु बुद्धिमानी हुन्छ । १. पुराना दल र नेतृत्व सच्चिनेवाला छैनन् र तिनीहरूबाट देश र जनताले आशा गर्नु पनि आत्मघाती हुन्छ र २. पुराना दल र नेतृत्वलाई नयाँ आधारमा सच्याउनुको विकल्प छैन किनकि भरपर्दो, परिपक्व र जनताको विश्वास जितेको नयाँ शक्ति जन्मिन सकेन । पुरानो दलहरूले आफ्नो जनमतलाई बचाउने हो भने उनीहरू नयाँ, सुधारवादी एजेन्डा र प्रतिबद्धताका साथ नयाँ ध्रुवीकरणमा जान जरुरी छ ।

यो विषयलाई दलहरूले गम्भीरतापूर्वक लिएनन् भने देशमा अर्को राजनीतिक दुर्घटना हुने खतरा छ । विचारधाराको हिसाबले देशमा चार प्रकारका शक्ति छन् । ती हुन्– वाम, लोकतान्त्रिक, राष्ट्रवादी र नयाँ वैकल्पिक शक्ति । एक पटक सबै मिलेर आशा जगाउनुपर्ने छ । आशा जगाउने एउटा आधार छ, त्यो हो- नयाँ आधारमा बृहत् एकता । देशमा उल्लिखित चार शक्तिबिच स्वस्थ र रचनात्मक प्रतिस्पर्धा हुन जरुरी छ ।

अहिले वाम तथा समाजवादी मोर्चाको बहस केन्द्रमा छ । उनीहरूका लागि यो एउटा अन्तिम अवसर बन्न सक्छ । सायद त्यसपछि पनि सच्चिएन भने उनीहरूलाई पनि बिदाइ गर्नु उपयुक्त हुन्छ । देशलाई स्वाधीन, आत्मनिर्भर, स्थिर र प्रतिस्पर्धात्मक बनाउनु आजको मुख्य विषय हो । सहकार्य, सहअस्तित्व, सामूहिकता, स्वीकार्यता र हार्दिकता उनीहरूका लागि अपरिहार्य विषय हुन् । अरूसँग हिँड्न नजानेकै कारण एमाले विगतमा खुम्चिनु र एक्लिनु परेको तितो यथार्थ छ । अहङ्कार, दम्भ र घमण्डले होइन, सदासयता, उदारता र विश्वसनीयताले अरूको मन जित्न सकिन्छ । आजको मुख्य समस्या त नेतृत्वको विश्वसनीयता पनि हो न सबै जनता र शक्तिलाई साथमा अनि विश्वासमा लिएर देशलाई विद्यमान चक्रव्यूहबाट मुक्त गर्ने सपना बोकेका नेतृत्वको अभाव खड्किएको छ । त्यसलाई पूरा गर्ने दायित्व पनि उनीहरूको हो ।

**लोकतान्त्रिक शक्तिहरूको एकता**

नेपालमा वाम जस्तै लोकतान्त्रिक शक्तिहरूबिच एकता आवश्यक छ । वामहरूबाट देशले परिवर्तन, अग्रगमन र क्रमभङ्गताको अपेक्षा गरेको हुन्छ भने लोकतान्त्रिक शक्तिहरूबाट संस्कार, सभ्यता, आचरण अनि विधि पद्धतिको अपेक्षा गरेको हुन्छ । जब परिवर्तन हुन्छ तब एउटा पद्धति र सभ्यताको आवश्यकता पर्छ । विधि, पद्धति र पारदर्शिताको विषयका लोकतान्त्रिक शक्तिहरूले नेतृत्व गर्न सक्नु पर्छ । हाम्रो राजनीतिक अभ्यासमा न त वामहरूमा न त लोकतान्त्रिक शक्तिहरूमा फरक विशेषता र पहिचान छ । पछिल्लो इतिहासमा यो तथ्य चाहिँ सही छ कि सम्झौतामा उनीहरूले पटक पटक वामहरूबाट बनाउने विषयमा गल्ती वा धोका भएको विषयलाई स्वयम् प्रचण्डले उठाएका थिए । जब नेपाली कांग्रेस सरकारबाट बाहिरिन्छ, उसले संसद्मा वामहरूलाई पनि उछिन्छ । धैर्यता र संयमतालाई उसले अपनाउनु सही हुन्छ । वामहरूसँग प्रतिस्पर्धा गर्ने र उनीहरूलाई पनि चेक एन्ड ब्यालेन्स गर्ने शक्ति भएकाले पनि लोकतान्त्रिक शक्तिहरूको ध्रुवीकरण देशलाई आवश्यक पर्छ ।

**राष्ट्रवादी शक्तिहरूबिचको एकता**

आफूलाई राष्ट्रवादी शक्ति भनेर चिनाउन खोज्ने शक्ति पनि विभाजित छन् । राष्ट्रियता, जनतन्त्र र धर्म संस्कृतिको विषयलाई उठान गर्ने शक्तिका रूपमा उनीहरू स्थापित हुन चाहन्छन् । जनमत वा जनसमर्थनको हिसाबले उनीहरू पनि स्थापित र सशक्त नै छन् । पछिल्लो समयमा भएका विकृति, विसङ्गति, भ्रष्टाचार अनि संघीयताको विरुद्धमा आवाज उठाएर उनीहरू पनि जनसमर्थनलाई उकास्ने रणनीतिमा छन् । खासगरी यो व्यवस्थाको विकल्पमा उनीहरू पनि आफ्नो रणनीतिक योजनाहरू बनाउँदै छन् । राष्ट्रवादी शक्तिहरू पनि विभाजित छन् । उनीहरूबिचको एकता वा मोर्चाबन्दी हुन सकेमा उनीहरू पनि थप शक्तिशाली बन्ने छन् ।

**नयाँ र वैकल्पिक शक्ति**

खास गरी पुराना दल, नेतृत्व र अपारदर्शी पद्धतिलाई विस्थापित गरेर मात्र देशले काँचुली फेर्न सक्छ भन्ने युवा जनमतको बलमा वैकल्पिक र नयाँ नयाँ शक्तिहरू स्थापित बनेका छन् । गत चुनावमा केही स्वतन्त्र उम्मेदवारहरू विजयी बने र उनीहरू काम गरेर स्थापित पनि बनेका छन् । बालेन शाह, हर्क साम्पाङ र गोपी हमालहरू चर्चित र लोकप्रिय मेयरका रूपमा स्थापित छन् । उता संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टी सशक्त रूपमा स्थापित छ र त्यसको नेतृत्व रवि लामिछानेले गरेका छन् ।

संसद्बाहिर पनि वैकल्पिक अनि क्रान्तिकारी शक्ति छन् । विप्लव नेतृत्वको नेकपाले एउटा राष्ट्रिय अभियान नै चलाएको छ । समाजवादी धारालाई व्यावहारिक रूपमै स्थापित गर्ने तथा सामूहिक उत्पादन, आत्मनिर्भर अर्थतन्त्र, अस्पताल र विश्वविद्यालयको अवधारणालाई संस्थागत गर्ने अभियानमा छन् । उता किरण नेतृत्वको क्रान्तिकारी माओवादी पनि आफ्नो एजेन्डामा उभिएको छ । देशका लागि नयाँ र वैकल्पिक शक्तिहरूको ध्रुवीकरण पनि आवश्यक छ ।

**एउटा बृहत् तर विचारधारात्मक प्रतिस्पर्धा**

हाम्रो पछिल्लो राजनीतिक अभ्यासमा दलहरूमा वैचारिक पक्षधरता संस्थागत हुनै सकेन । लडाइँ सत्ता, सरकार र संसदीय अङ्कगणितमा केन्द्रित भयो । २०४६ सालको एउटा अभ्यास सुन्दर थियो : वाममोर्चा तथा प्रजातन्त्रवादी मोर्चा । दुवैको फरक मुद्दा र पहिचानको साथमा केही साझा मुद्दामा मोर्चाबन्दी भएको थियो । २०६२/६३ को आन्दोलनमा संसद्वादी र माओवादीबिच गठबन्धन भएको थियो । संसदीय अभ्यासमा गएपछि दलहरूमा विचारधारात्मक पक्षधरताको अन्त्य र सरकारको मुद्दा प्रधान बन्दो रहेछ । सरकारको मुद्दा प्रधान बन्नासाथ राज्यकै ध्यान केवल सरकार बनाउने र ढाल्ने खेलमा केन्द्रित बन्दो रहेछ । सरकारलाई मात्र केन्द्रमा राख्ने उद्देश्यबाट नै पछिल्ला मोर्चाबन्दी बन्ने र भत्किने भए । चुनावमा पनि गठबन्धन भए तर ती कहिले प्राकृतिक त कहिले अप्राकृतिक भए । विचारधारात्मक हिसाबले र मुद्दाहरूमा हुने समानताका आधारमा हुने एकता वा ध्रुवीकरणले जनतामा उत्साह ल्याउँछ । वामहरूबिच हुने सहमतिले वाम जनमतमा उत्साह सिर्जना गर्छ भने लोकतान्त्रिक शक्तिहरूबिचको एकताले उनीहरूमा ऊर्जा थप्छ । त्यसै गरी राष्ट्रवादी तथा नयाँ र वैकल्पिक शक्तिहरूमा पनि एकताको आवश्यकता छ ।

**निष्कर्ष**

मूलधारका हिसाबले देशमा चार प्रकारका शक्ति छन् भन्ने वैचारिक आधार देख्न सकिन्छ- वाम तथा समाजवादी, लोकतान्त्रिक, राष्ट्रवादी र नयाँ तथा वैकल्पिक शक्ति । पुराना दल र नेताप्रति भएको जनवितृष्णालाई ध्यानमा राख्दै स्वतन्त्रहरूको बाढी नै चल्यो । पार्टीको नाम पनि राष्ट्रिय स्वतन्त्र पार्टी बन्ने अवस्था बन्यो । स्वतन्त्र भन्ने शब्द नै प्रिय बन्दै जाने अवस्था बन्यो । यस्तो अवस्था हुनुको मुख्य कारण पुराना दलहरूको सत्ताकेन्द्रित राजनीति हो भन्नेमा विवाद नहोला । अहिले पछिल्लो समयमा विचारधारात्मक अनि मुद्दाकेन्द्रित राजनीति हाबी हुने छ । आगामी प्रतिस्पर्धा विचारधारात्मक बनोस् भन्ने चाहना छ । देशलाई अगाडि बढाउने मुद्दाका आधारमा मतदान वा चुनाव हुन सकोस् । देशलाई स्वाधीन, आत्मनिर्भर र समृद्ध बनाउने मुद्दामा बहस र प्रतिस्पर्धा भए देशले जित्ने छ ।

# पैदल मार्गको प्रयोग गरी लागूऔषध ओसारपसार गरिँदै

झापा(प्रस) ।उदयपुरको सदरमुकाम गाईघाट क्षेत्रका सीमानाकामा प्रहरीले सवारीसाधन चेकजाँचमा कडाइ गरेपछि पैदल मार्गको प्रयोग गरी लागूऔषध ओसारपसार गर्न थालेका छन् । जिल्ला बाहिरबाट लागूऔषध कारोबार हुने गरेकाले नियन्त्रणका लागि प्रहरीले सीमानाकामा सवार ीसाधन चेकजाँचलाई बढाएको थियो । जिल्ला प्रहरी कार्यालय र मातहातका इलाका प्रहरी तथा प्रहरी चौकीले लागूऔषध कारोबार नियन्त्रण गर्न जिल्लाभित्र र बाहिर आवतजावत गर्ने सबै सवारीसाधनमा कडाइका साथ चेकजाँच थालेपछि लागूऔषध कारोबारीले चुरे क्षेत्रको जङ्गल भएर पैदल मार्गको प्रयोगबाट लागूऔषध कारोबार सुरु गरेको पाइएको जिल्ला प्रहरीका प्रहरी उपरीक्षक रमेश थापाले जानकारी दिए । कारोबारीले पैदल मार्गबाट लागूऔषध ओसारपसारको रणनीति



बनाएको गोप्य सूचना पाइएको उनको भनाइ छ ।

प्रहरी उपरीक्षक थापाका अनुसार प्रहरीले सवारीसाधन र सीमानाकामा चेकजाँच कडाइ गरेपछि लागूऔषध कारोबारी चुरे जङ्गल क्षेत्रबाट पैदलयात्रामार्फत लागूऔषध भित्र्याउने प्रयास सुरु गरेका हुन् ।

पन्ध्र दिनभित्र प्रहरीले छिमेकी जिल्ला सप्तरी, सिरहा र सुनसरीबाट चुरे जङ्गल हुँदै पैदलयात्रामार्फत लागूऔषध भित्र्याउने आधा दर्जन कारोबारकर्तालाई पक्राउ गरेपछि कारोबारीको उक्त रणनीति खुलेको जिल्ला प्रहरी कार्यलयले जनाएको छ । बिहीबार मात्र प्रहरीले जिल्लाको त्रियुगा नगरपालिका-६ जलजले बस्ने २३ वर्षीय सकीर अलीलाई सिरहाबाट पैदाल यात्रामार्फत लागूऔषध लिएर उदयपुर छिर्न लागेको अवस्थामा पक्राउ गरिएको प्रहरी उपरीक्षक थापाले जानकारी दिए । पाँच दिनअघि त्रियुगा-१२ का २३ वर्षीय समिर मगर र २१ वर्षीय दीपेश चौधरीलाई पनि सप्तरीबाट चुरे जङ्गल हुँदै त्रियुगा-४ बगाहाको सालघारी जङ्गल भएर पैदल आउँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरी लागूऔषध बरामद गरको उनले बताए ।

जिल्लाको पूर्वी नाका बेलका नगरपालिकाको कोठु, सप्तकोशी कोशी टप्पु क्षेत्र र सप्तरीको फत्तेपुर नाका, सप्तरी-सिरहाको चुरे जङ्गलबाट लागूऔषध कारोबारीले झोलामा बोकेर लागूऔषध जिल्ला भित्र्याउने गरेको अनुसन्धानको क्रममा पत्ता लागेको प्रहरीले जनाएको छ । केही समयअघि लागूऔषध कारोबारीले ठूलासाना सवारीसाधनमा लागूऔषध लुकाएर ल्याउने गरेको पाइएपछि प्रहरीले चेकजाँचमा कडाई गरेको थियो । प्रहरीको चेकजाँचपछि पक्राउ पर्ने क्रम बढेसँगै अहिले लागूऔषध कारोबारीले पैदल मार्गको प्रयोग गरी जङ्गलको बाटोबाट लागूऔषध भित्र्याउन सुरु गरेको प्रहरी उपरीक्षक थापाको भनाइ छ ।

# सुनसरीका पाँच स्थानीय तहमा कर्फ्यु

झापा(प्रस)। सुनसरी प्रशासनले जिल्लाका पाँच वटा स्थानीय तहमा कर्फ्यु आदेश जारी गरेको छ ।

शुक्रबार मध्यान्ह १२ बजेदेखि हरिनगर गाउँपालिका र देवानगञ्ज गाउँपालिका वडा नम्बर १ र ७ मा निषेधाज्ञा जारी गरेको थियो । तर स्थिति नियन्त्रणमा लिन समस्या भएपछि शुक्रबार साँझ ५ बजेदेखि पाँच स्थानीय तहमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको हो ।



शान्ति सुरक्षाको संवेदनशीलतालाई मध्यनजर राखी सम्भावित क्षति कम गर्न तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न हरिनगर, देवानगञ्ज, कोशी, भोक्राह नरसिंह र सदरमुकाम इनरुवा नगरपालिका क्षेत्रमा कर्फ्यु लगाइएको कामु प्रमुख जिल्ला अधिकारी बेदराज फुयालले जानकारी दिए ।

कर्फ्युका क्रममा अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी बाहेक आवतजावत गर्न, भेला हुन र सामूहिक रुपमा गरिने कुनै पनि कार्यक्रम नगर्न प्रशासनले आग्रह गरेको छ । यदि आदेश उल्लंघन गरेको पाइएमा कानुनबमोजिम कारबाही हुने प्रशासनले जनाएको छ ।

हरिनगर क्षेत्रमा कर्फ्यु लगाइए पनि

❖ बाँकी अन्तिम पृष्ठमा

# भारतद्वारा निर्मित विद्यालय भवनको उद्घाटन

झापा(प्रस)।खोटाङको रावा बेसी गाउँपालिकामा भारतद्वारा निर्मित शारदा माध्यमिक विद्यालय तथा छात्रावास भवनको उद्घाटन गरिएको छ । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको ३.६१ करोड रुपैयाँको सहयोगमा निर्माण भएको सो भवन भवनको जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राई, रावा बेसी गाउँपालिकाका अध्यक्ष फटिककुमार श्रेष्ठ र नेपालस्थित भारतीय राजदूतावासका प्रथम सचिव सुमन शेखरले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

दुईतले विद्यालय र छात्रावास भवनको निर्माण र दुवै भवनका लागि आवश्यक फर्निचरको खरिदका लागि पनि



भारतले सहयोग गरेको छ । शारदा माध्यमिक विद्यालय सन् १९५२ मा स्थापना भएको थियो । कक्षा १ देखि प्लस टु तहसम्म अध्यापन हुने यस विद्यालयमा ३६५ भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्, जसमा ५० प्रतिशत छात्रा छन् ।

भारतले सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएको छ । यीमध्ये कोशी प्रदेशका विभिन्न क्षेत्रमा ८५ वटा परियोजना रहेका छन् । जसमा एउटा परियोजना खोटाङमा रहेको छ ।

यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ । जसमध्ये कोशी प्रदेशलाई १४१ वटा एम्बुलेन्स र ३५ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । यसमा चार वटा एम्बुलेन्स र एउटा स्कुल बस खोटाङ जिल्लालाई उपलब्ध गराइएको छ ।

# बेपत्ता छोरा खोजिदिन अभिभावकको आग्रह

झापा(प्रस)। झापा मेचीनगर-१४ निवासी १४ वर्षीय बालक प्रनिक (कुमार) शिवाकोटी हराएपछि खोजिदिन बुवाआमा गोपाल-सीता शिवाकोटीले आग्रह गरेका छन् ।

चैत २२ गते प्रनिक (कुमार) ले 'मलाई नखोजिदिनु, म छोरा हुन लायक भइनँ, म हराए भनेर नरुनु' भनी चिठी छोडेर बेपत्ता भएकाले अभिभावकले खोजिदिन आग्रह गरेका हुन् ।

उनले चिठ्ठी लेखेर घरको किचन कोठामा पाएपछि हजुरबुवा टङ्कप्रसाद शिवाकोटीले प्रहरी चौकी चारआली खोजी दिन निवेदन गरेका थिए । प्रनिक संस्कृतका विद्यार्थी हुन् ।

भारतको खर्साङमा कक्षा ४ सम्म अंग्रेजी माध्यममा पढेपछि संस्कृत विद्याप्रति रुचि भएकै कारण अभिभावकले ४ वर्षयता नेपालको संस्कृत विद्यालयबाट पठनपाठन गराउँदै आएका थिए ।

आमा सीता हाटबजारमा सब्जी पसल गर्छिन् भने र बुवा गोपाल स्थानीय मखखन चामल मिलमा मजदुरी गर्छन् ।



परिवारको एक्लो छोरा भएकै कारण आगामी शैक्षिक सत्रदेखि घरबाटै विद्यालय पठाउने योजना बनाएका थिए यी दम्पतीले । तर, अचानक छोराले चिठ्ठी लेखेर बेपत्ता भएपछि दम्पतीको योजना नै सङ्कटमा पऱ्यो । प्रनिक हराएको बारेमा आफन्त-छिमेकी र उसका साथीभाइ सबैलाई सोधपुछ गरिसकेको तर, हालसम्म फेला नपरेको बुवा कुमारको भनाइ छ ।

# नौ खर्ब एकसट्ठी अर्ब भित्रियो रेमिट्यान्स



झापा(प्रस)। आर्थिक मन्दीको सङ्केत बजारमा देखिइरहँदा राष्ट्र बैङ्कको तथ्याङ्कमा भने निरन्तर सुधार देखिएको छ । व्यापार व्यवसायमा सुस्तता, व्यापारीमा निराशा बढेको तथा उद्योगधन्दा पूर्ण क्षमतामा सञ्चालनमा आउन नसकिरहेको अहिलेको अवस्थामा पनि बाह्य क्षेत्र निरन्तर सुधारोन्मुख रहेको राष्ट्र बैङ्कको तथ्याङ्कमा देखिएको हो । राष्ट्र बैङ्कका अनुसार शोधनान्तर स्थिति निरन्तर बचतमा रहेको छ भने विदेशी मुद्राको सञ्चिति पनि बढिरहेको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिनामा चालु खाता एक खर्ब ६६ अर्ब ८७ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता ५५ अर्ब २८ करोड रुपियाँले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४२ करोड ९३ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा एक अर्ब २५ करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा शोधनान्तर स्थिति तीन खर्ब २७ अर्ब ५५ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब ४२ अर्ब रुपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब आठ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा दुई अर्ब ४६ करोडले बचतमा रहेको छ ।

चालु आव २०८०/८१ को आठ महिनामा नौ खर्ब ६१ अर्ब २२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । रेमिट्यान्स आप्रवाह २१ प्रतिशतले वृद्धि हो । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह २५.३ प्रतिशतले बढेको थियो ।अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह १८.८ प्रतिशतले वृद्धि भई सात अर्ब २४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १४.८ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या दुई लाख ८६ हजार ९३२ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ८४ हजार २७८ रहेको छ ।

# गायक रवि ओडविरुद्ध पक्राउ पुर्जी



झापा(प्रस)। नेपाल आइडल सिजन-२ का विजेता रवि ओडविरुद्ध वैवाहिक बलात्कारको जाहेरी परेको छ । ओडकै श्रीमतीले आफूमाथि वैवाहिक बलात्कार गरेको भन्दै इलाका प्रहरी कार्यालय झलारीमा जाहेरी दिएपछि प्रहरीले उनीमाथि अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक पुष्कर राज पन्तले जानकारी दिए । ओडविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको छ ।

# इलाम-२ मा १४९ मतदान केन्द्र



झापा(प्रस) ।निर्वाचन आयोगले वैशाख १५ गते हुने उपनिर्वाचनका लागि मतदान स्थल र केन्द्र निर्धारण गरेको छ। जसअनुसार इलाम-२ मा ७९ मतदान स्थल र १४९ मतदान केन्द्र निर्धारण भएको आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै बझाङ प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ मा ७४ मतदान स्थल र ९३ मतदान केन्द्र स्वीकृत भएको छ ।

आयोगले देशभरमा १० हजार ८९२ मतदान स्थल स्वीकृत गरेर वैशाख १५ को उपनिर्वाचनका लागि मतदान स्थल र केन्द्र निर्धारण गरेको जनाएको छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।